नेपाल सरकार
गृह मन्त्रालय

## २०७४ मंसिर ५ गते राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा वसेको सम्बन्धित विषयगत क्षेत्रका नेतृत्व दायी, सह-नेतृत्व दायी तथा विपद् सम्पर्क व्यक्तिहरुको बैठकमा भएका निर्णयहरु

### शीत लहर सम्बन्धमा

मौसम परिवर्तनसँगै सुरु हुने जाडोको समयमा तराईमधेशका जिल्लाहरुमा चिसो तथा शीत-लहरबाट हरेक वर्ष स्वासप्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धी समस्याबाट धेरै मानिसहरु विरामी पर्ने तथा ती विरामी मध्ये व्यक्तिको मृत्युसमेत हुने गरेको छ । यसबाट पशु पंक्षीको समेत नोक्सानी हुने गरेको छ । मौसमको प्रतिकुलता र वातावरणमा आउने परिवर्तनबाट शील-लहर (Cold Wave) चल्न सक्ने र यसबाट विशेष गरी तराई मधेशको जनजीवन तथा भूकम्प प्रभावित जिल्लाहरुमा अस्थायी आवासमा रहेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ । अत: यसलाई सचेतना अभिवृद्धि गर्दै सम्भावित जोखिमलाई न्यूनिकरण गर्न आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गरी शीत-लहर प्रभावित परिवार माझ पुर्‍याउन र उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि सम्बन्धित विषयतग मन्त्रालय तथा मातहतका विभागहरु, जिल्ला विपद् व्यवस्थापन समितिहरु, जिल्ला प्रशासन कार्यालयहरु, स्थानीय विपद् व्यवस्थापन समिति, लगायत मानवीय सहायतामा काम गर्ने निकायहरुले विभिन्न किसिमका व्यवस्थाहरु मिलाउनु पर्नेछ ।

### <u>निर्णयहरु</u>

१. जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले शीत-लहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्बन्धमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु समेतलाई आमन्त्रण गरी पूर्वतयारी र पूर्व प्रवन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने। विपद् व्यवस्थापनको क्षेत्रमा सम्वन्धित जिल्लामा रहेको अगुवा सहयोगी संस्था (DLSA) बाट समन्वय गराई विभिन्न निकाय तथा संघ-संस्थाहरुलाई शित-लहर सम्बन्धी पूर्व तयारीमा सक्रिय गराउने।

२. आ-आफ्नो जिल्ला अन्तर्गत शीत-लहरबाट प्रभावित हुन सक्ने क्षेत्र/गाउँ/टोल/परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को समन्वयमा सबै सरोकारवालाहरुलाई विशेष गरेर दाउरा, कम्वल जस्ता सामग्रीहरुको भण्डारण गर्न लगाई हुन सक्ने सम्भावित जोखिमबाट बच्ने उपायको अवलम्ब गर्ने ।

३. सम्भावित जोखिमलाई मध्य नजर गर्दै विभिन्न जिल्लाहरुमा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई न्यूनिकरण गर्न स्वास्थ्य मन्त्रालय मातहतका निकायहरुले जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधिहरु पर्याप्त मात्रामा राखि द्रुत प्रतिकार्य समूह परिचालित हुन सक्ने अवस्थामा राख्न स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

४. भूकम्प प्रभावित जिल्लाहरुमा शीत-लहरबाट हुन सक्ने असरलाई न्यूनिकरण गर्न राष्ट्रिय पुनर्निमाण प्राधिकरणलाई विशेष ध्यान दिनका लागि अनुरोध गर्ने ।

५. विभिन्न जिल्लाहरुमा हुन सक्ने सम्भावित शीत-लहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवं जानकारी राष्ट्रिय संचार माध्यम मार्फत प्रशारण गर्ने व्यवस्था मिलाउन सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने । जिल्ला तथा स्थानीयतहमा विभिन्न स्थानीय भाषामा समेत उक्त सन्देशमूलक सामग्रीहरु तयार गरी आम सञ्चारका माध्यम मार्फत प्रचारप्रसार गर्नुका साथै अन्य वैकल्पिक व्यवस्था गर्न सम्बन्धित जिल्लाहरुमा लेखि पठाउने ।

<u>तपसिल</u>

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्यु समेत हुन सक्छ त्यसैले;**

- न्यानो कपडाको जोहो समयमै गरौ,
- शीत-लहरको समयमा घर वाहिर खुला स्थानमा धेरै समय नविताऔ, घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔ,
- रातको समयमा सिरक, कम्बल जस्ता न्यानो ओड्ने प्रयोग गरौ । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔ,
- शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौ, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने कार्य गरौ,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकाश गरौ,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔ,
- शीत-लहर चलेको वेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔ, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔ,
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने वानीको विकाश गरौ,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्न लौजाऔ,

- कोठा भित्र आगोवाली तातो पार्दा पर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउन नभुलौं ।

माथी उल्लेखित कुराहरुको अतिरिक्त सम्बन्धित वियगत निकायहरुले शीत-लहरबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न उपयुक्त प्रचारप्रसार सामग्रीहरु तयार पारी मातहतका निकायहरु मार्फत प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने ।

६. शीत-लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने व्यवस्था मिलाउन र शीत-लहरहरुको कारणबाट अन्नबाली/पशुपंक्षीको क्षति भएमा कृषकहरुलाई मल बीउ तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने व्यवस्था मिलाउन कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालयललाई अनुरोध गर्ने ।

७. शीत-लहरको प्रभाव न्यून गर्न जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाहरुमा सम्भावित शीत-लहरको जोखिममा रहेका विपन्न तथा गरीब परिवारहरुको पहिचान गरी जिल्ला विपद् तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा पर्याप्त मात्रामा ईन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि पूर्व प्रवन्ध गर्ने व्यवस्थाको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुराध गर्ने ।

८. शीत-लहरबाट प्रभावित जिल्लाहरुमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न दाउरा उपलब्ध गराउन वन तथा भू-संरक्षण मन्त्रालयलाई अनुरोध गर्ने ।

९. सम्भावित शीत-लहरका विषयमा क्षेत्रगत एवं जिल्लागत विशिष्टीकृत मौसमको भविष्यवाणी सम्बन्धी पूर्वसूचनाको जानकारी विभिन्न संचार माध्यमबाट दिने व्यवस्थाका लागि जल तथा मौसम विज्ञान विभागलाई अनुरोध गर्ने । Forecasting Division बाट NEOC मा सूचना प्रवाह गर्ने माध्यमलाई थप प्रभावकारी बनाई स्थानीय तहसम्म पूर्व सूचना प्रवाहलाई व्यवस्थित गर्ने । सो सूचना उक्त विभागले राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा समेत पठाउने ।

१०. विभिन्न गैर सरकारी निकाय, मानवीय सहायतामा काम गर्ने निकाय तथा सामुदायिक संस्थाहरुले शीत-लहर प्रभावित जिल्लाहरुमा संचालन गर्ने कार्यक्रमको बारेमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिलाई पूर्व जानकारी गराउने ।

११. सबै क्लष्टर Lead र Co-Lead ले सम्बन्धित Clusters Member सँग छलफल गरी Cold Wave का लागि प्रभावकारी Contingency Plan तयार गरी लागू गर्ने गराउने ।